# विनियोजन विधेयक २०७६

## वेनिघाट रोराङ गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः .................

**प्रस्तावनाः वेनीघाट रोराङ** गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वेनीघाट रोराङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** **(१)**यस ऐनको नाम " वेनीघाट रोराङ गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ श्रावण १ गतेवाट प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५६७८५७०००।- (अक्षेरुपी छपन्न करोड अठहत्तर लाख सन्ताउन्न हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त वेनीघाट रोराङ गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | २५४८१६००० | ३१३०४१००० | | ५६७८५७००० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | जम्मा | २५४८१६००० | ३१३०४१००० | | ५६७८५७००० |

वेनिघाट रोराङ गाउपालिका

# आय व्ययको विवरण

आ.व.२०७६/७७

अनुसूची-१

रु. हजारमा

| शीर्षक | | आ.व.२०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को संशोधित अनुमान | आ.व.२०७६/७७ को अनुमान |
|---|---|---|---|---|
| आयः | | | | |
| | राजस्वः | | | |
| | आन्तरिक राजस्व | २८०६९ | ६३२१० | १००४०१ |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम संघिय सरकार | | ६६६५६ | ९५३०० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम प्रदेश सरकार | ० | | २०४६३ |
| | अन्य आय | | | |
| | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | |
| | नेपाल सरकारबाट प्राप्त | ३३७६७३ | ३३५१०० | ३३९६०० |
| | प्रदेश सरकारबाट प्राप्त | ० | ४४६७५ | १२०९३ |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | | |
| | | ३६५७४२ | ५०९६४१ | ५६७८५७ |
| | जनसहभागिताः | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| व्ययः | | | | |
| | चालु खर्च | १५५८४२ | २५२७४८ | २५४८१६ |
| | पूँजिगत खर्च | २०९९०० | २६६८९३ | ३१३०४१ |
| | | ३६५७४२ | ५१९६४१ | ५६७८५७ |

| | | | | |
|---|---|---|---|---|
| बजेट बचत (+)/न्यून (-) | | | | |
| | | | | |
| वित्तीय व्यवस्था | | | | |
| | खुद ऋण लगानी | | | |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | | |
| | | | | |
| | खुद शेयर लगानी | | | |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| | | | | |
| | खुद ऋण प्राप्ती | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |
| | | | | |
| अन्तिम बजेट बचत (+)/न्यून (-) | | | | |

**वेनीघाट रोराङ गाउपालिका**

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७५/७६

अनुसूची–२

रु.हजारमा

| शीर्षक | | आ.व.२०७४/७५ को यथार्थ | आ.व.२०७५/७६ को संशोधित अनुमान | आ.व.२०७६/७७ को लक्ष्य |
|---|---|---|---|---|
| राजस्वः | | | | |
| | आन्तरिक राजस्वः | | | |
| 11313 | सम्पत्ती कर | ० | १८०० | १५०० |
| 11314 | भूमिकर (मालपोत) | ७०० | २ | ८०० |
| 11315 | जग्गा रजिष्टेशन दस्तुर | | २००० | २५०० |
| 11321 | घरबहाल कर | ० | २०० | ६३० |
| 11322 | बहाल विटौरी कर | ३०० | २०० | ३०० |
| 11472 | विज्ञापन कर | १०० | ११० | १२१ |
| 11632 | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | ० | ० | १०० |
| 14157 | विक्री शुल्क | | ४४७०० | ४६००० |
| 14192 | टेकिङ रयाफ्टिङ अदिमा कर | ० | ० | ६३० |
| 14219 | सडक मर्मत सम्भार शुल्क | ० | ९०० | १२०० |
| 14242 | नक्शापास दस्तुर | | ७००० | १००० |
| 14243 | सिफारिस दस्तुर | | ९०० | १२०० |
| 14244 | व्यक्तिगत घटना दर्ता दस्तुर | | १०० | १०० |
| 14249 | अन्य दस्तुर | २५०० | ११०० | १३२० |
| 14265 | वातावरण तथा सरसफाइ शुल्क | १५००० | १०००० | ४०००० |
| 14611 | व्यवसाय कर | २००० | २२२५ | ३००० |
| | अन्य | ७४६९ | | |
| | | २८०६९ | ७१२३७ | १००४०१ |
| | राजस्व बाँडफाँडः | | | |
| | राजस्व बाँडफाँड प्राप्ति सघ (+) | ० | ६६६५६ | ९५३०० |
| | राजस्व बाँडफाँड प्राप्ति प्रदेश (+) | ० | ० | २०४६३ |
| | राजस्व बाँडफाँड हस्तान्तरण (-) | | | |
| | अन्य आयः | | | |
| | बेरुजु असुली | | | |

| | | | | |
|---|---|---|---|---|
| | गत वर्षको नगद मौज्दात | | | |
| | जम्मा | | ६६६५६ | ११५७६३ |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | | | |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरण अनुदान | २१४२४३ | १६७३०० | १५८५०० |
| | सशर्त अनुदान | १२३४३० | १६७८०० | १८११०० |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | | ३३७६७३ | ३३५१०० | ३३९६०० |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरण अनुदान | | ८०७७ | १०१७७ |
| | सशर्त अनुदान | | ३६५९८ | १९१६ |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | | | ४४६७५ | १२०९३ |
| | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | | |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| **जनसहभागिताः** | | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| | | ३६५७४२ | ५१७६६८ | ५६७८५७ |